धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२९ ◆ २०८३ मंसिर ८ मंगलबार ◆ Tuesday, November 24, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

लेखनाथ महोत्सव पुस २ देखि, ३५५ न्यावसायिक स्टल रहने

❑ *प्रत्यूष समाचारदाता*

गण्डकी । लेखनाथ महोत्सवको २२औं संस्करण आगामी पुस २ देखि १३ गतेसम्म कास्कीको पोखरा महानगर पालिका-२७ स्थित डाँडाको नाक, तालचोकमा सञ्चालन हुने भएको छ ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको आयोजनामा हुने महोत्सवको तयारी तीव्र पारिएको आयोजकले आज पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

सङ्घका द्वितीय उपाध्यक्ष एवं प्रचारप्रसार उपसमितिका संयोजक ध्रुवबाबु भट्टराईका अनुसार महोत्सवमा ३५५ व्यावसायिक स्टल रहनेछन् । ती स्टलमा कृषि तथा पशुजन्य वस्तु, हस्तकलाका सामग्री, शैक्षिक सामग्री, ग्रामीण प्रविधि, सवारीसाधन तथा बैंक र वित्तीय संस्थाका सेवा एवं सामग्रीको प्रदर्शनी र बिक्री गरिनेछ ।

'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र समृद्धि' भन्ने मूल सन्देशसहित आयोजना हुने महोत्सवमा रु १२ करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको छ । महोत्सवबाट रु एक करोड पाँच लाख आम्दानी, रु ८५ लाख खर्च र रु २० लाख बचत हुने अनुमान गरिएको संयोजक भट्टराईले बताउनुभयो । उहाँका अनुसार महोत्सवमा दुई लाख ७० हजारभन्दा बढी दर्शक सहभागी हुने अपेक्षा गरिएको छ। महोत्सव अवलोकनका लागि विद्यार्थीलाई रु ५०, विभिन्न सर्वसाधारणलाई रु १०० र साङ्गीतिक कार्यक्रमका लागि रु २०० प्रवेश शुल्क निर्धारण गरिएको छ । महोत्सवका मुख्य आकर्षणमा औद्योगिक तथा व्यापारिक प्रदर्शनी, हस्तकला र स्थानीय उत्पादनको प्रदर्शनी, कृषि, पर्यटन तथा उद्योग सम्बन्धी अन्तरक्रिया, सांस्कृतिक झाँकी, रत्यौली गीत प्रस्तुति, विद्यालयस्तरीय नृत्य, साहित्यिक गोष्ठी, कलाकारका प्रस्तुति, बाल उद्यान र खाना महोत्सव रहनेछन् ।

महोत्सव आयोजकका अनुसार महोत्सव का लागि सोमबारदेखि नै स्टल बुकिङ खुला गरिएको छ। सङ्घका अध्यक्ष जानुका पराजुली अधिकारीले कृषि तथा औद्योगिक उत्पादनको प्रवर्द्धन, उद्यमशीलताको विकास, स्थानीय उत्पादनको बजारीकरण र लेखनाथ क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको समेत बताउनुभयो ।

प्रम शाहको भारत भ्रमण : रु दुई खर्ब ४० अर्ब विकास सहायता, ऊर्जा र पूर्वाधारमा ऐतिहासिक सहकार्यको घोषणा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । भारतले नेपाललाई रु दुई खर्ब ४० अर्ब बराबरको विकास सहायता उपलब्ध गराउने घोषणा गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच सोमबार नयाँदिल्लीमा भएको उच्चस्तरीय वार्तापछि जारी संयुक्त प्रेस विज्ञप्तिमार्फत विकास, ऊर्जा, पूर्वाधार, रेलमार्ग, व्यापार तथा प्रविधिसहितका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्ने घोषणा गरिएको हो ।

उक्त रकममध्ये रु ५६ अर्ब विपद्पछिको पुनःनिर्माण तथा नयाँ पूर्वाधार परियोजनाका लागि अनुदान स्वरूप र रु एक खर्ब ८४ अर्ब ऊर्जा क्षेत्रका परियोजनाका लागि ऋण सुविधाका रूपमा उपलब्ध गराइने छ । सहायता अन्तर्गत सञ्चालन हुने परियोजना र कार्यान्वयनको प्रक्रिया दुवै देशबीचको आपसी परामर्शबाट टुङ्गो लगाइने संयुक्त विज्ञप्तिमा उल्लेख छ । भारतका प्रधानमन्त्री मोदीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमणमा जानुभएका प्रधानमन्त्री शाहलाई राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिएको थियो । नेपालमा हाल सञ्चालन भइरहेका विकास परियोजना, उच्च प्रभाव सामुदायिक विकास परियोजना तथा राष्ट्रिय प्रहरी प्रतिष्ठान निर्माणमा भएको प्रगतिप्रति दुवै प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गरेका छन् । भारतको अनुदान सहयोगमा चितवनमा कृषि-औद्योगिक पार्क स्थापना गर्ने घोषणा पनि गरिएको छ ।

'विकसित भारत, समुन्नत नेपाल' संयुक्त दृष्टिकोण

नेपाल र भारतले 'विकसित भारत र समुन्नत नेपाल' नामक संयुक्त दृष्टिकोणपत्र अङ्गीकार गरेका छन् । यसले दुई देशबीचको भविष्योन्मुख साझेदारीका लागि नयाँ मार्गचित्र प्रस्तुत गर्नेछ। संयुक्त दृष्टिकोणमा आर्थिक तथा विकास साझेदारी, ऊर्जा, जलस्रोत, यातायात, सम्पर्क सञ्जाल, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खेलकुद, स्टार्टअप, डिजिटल सेवा, अन्तरिक्ष तथा नवप्रवर्तनलाई प्राथमिकतामा राखिएको छ । नेपालको पारवहन व्यापारलाई सहज बनाउन भारतले गुजरात स्थित दीनदयाल बन्दरगाह (काण्डला) प्रयोग गर्न नयाँ पहुँच मार्ग उपलब्ध गराउने घोषणा गरेको छ । आवश्यक पूर्वाधार निर्माण भएपछि ओडिशास्थित पारादीप बन्दरगाहसम्म पनि नेपालको पहुँच विस्तार गरिनेछ । यसले नेपालको तेस्रो मुलुकसँगको व्यापार तथा पारवहनका लागि थप विकल्प उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

काठमाडौं-भैरहवा-लखनउ हवाई मार्ग दुईतर्फी बनाइने

नेपाल र भारतबीचको हवाई सम्पर्क विस्तार गर्न हाल एकतर्फी रूपमा सञ्चालनमा रहेको 'बी ३४५' काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने सहमति भएको छ। यसका लागि आवश्यक प्राविधिक परामर्श गरी कार्यविधि अन्तिम रूप दिइनेछ। नागरिक उड्डयनसम्बन्धी अन्य प्रस्तावमा पनि दुवै पक्षले छलफल जारी राख्ने भएका छन् । प्रस्तावित रक्सौल-काठमाडौं विद्युतीय ब्रोडगेज रेलमार्गको फिल्ड लोकेसन सर्भे अन्तिम रूप दिइएको छ। नेपालमा पूर्व-पश्चिम रेलमार्ग विकासका लागि पनि भारतले सहकार्य गर्ने भएको छ ।

एकीकृत जाँच चौकी

नेपाल र भारतबीच सीमापार व्यापार तथा आवागमन सहज बनाउन नयाँ रेलमार्ग, पुल, एकीकृत जाँच चौकी र पेट्रोलियम पाइपलाइन निर्माणलाई प्राथमिकता दिइने भएको छ। दुवै प्रधानमन्त्रीले बनबासामा नयाँ एकीकृत जाँच चौकी निर्माणको क्रममा भर्चुअल शिलान्यास गरेका छन् ।

मेडिकल शिक्षामा सहमति कार्यान्वयन गर्नमा सरकार सक्रिय

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं। मेडिकल शिक्षा क्षेत्रको सुधार र विगतमा भएका सहमति तथा सम्झौता कार्यान्वयनका विषयमा सरकारले सरोकार वालासँग छलफल अघि बढाएको छ ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा भएको छलफल मा चिकित्सा शिक्षा सुधारका विभिन्न मुद्दा र कार्यान्वयन हुन बाँकी सम्झौताका विषयमा समीक्षा गरिएको हो ।

बैठकमा प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा जगदीशप्रसाद अग्रवाल, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा डा देवेन्द्रबहादुर खत्री, शिक्षामन्त्रीका सल्लाहकार शैलेन्द्र झा तथा प्रधानमन्त्री कार्यालय र शिक्षा मन्त्रालयका उच्च अधिकारीहरूको सहभागिता थियो । छलफलमा वरिष्ठ चिकित्सक डा गोविन्द केसीसँग भएको सम्झौता तथा चिकित्सा शिक्षा सुधारका विषयमा भएको सम्झौताका कार्यान्वयन लाई विशेष प्राथमिकता दिइएको थियो । वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा विद्यार्थी र व्यवस्थापन बीच देखिएको विवाद समाधान गर्न समिति गठन गरी पठाउने तथा चिकित्सा शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई सहुलियत पूर्ण ऋण उपलब्ध गराउने विषयमा छलफल भएको छ । कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धी कानुनी व्यवस्थामा अध्यादेशमार्फत संशोधन प्रक्रिया अघि बढाउने विषयमा समेत छलफल भएको जनाइएको छ ।

बैठकमा शिक्षामन्त्री पोखरेलले चिकित्सा शिक्षा सुधारका क्रममा उठेका समस्यालाई नीतिगत रूपमा सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले डा. केसीसँग भएका सम्झौता कार्यान्वयनका लागि मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने स्पष्ट पार्नुभयो ।

सो क्रममा चिकित्सा शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै यस क्षेत्रमा विद्यार्थीको आकर्षण बढाउन आयोग लगायत सम्बन्धित संस्थाहरूबीच प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो। प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा अग्रवालले सम्झौता कार्यान्वयनसँगै मेडिकल शिक्षालाई सुदृढ, गुणस्तरीय र प्रभावकारी बनाउन अन्तरमन्त्रालय तथा सम्बन्धित निकायबीच सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा डा खत्रीले चिकित्सा शिक्षाको गुणस्तर सुधार तथा नतिजा समयमै सार्वजनिक गर्नेलगायतका विषयमा आयोगले आवश्यक काम गरिरहेको जानकारी दिनुभयो । बैठकले चिकित्सा शिक्षा सुधारका लागि नीतिगत पहल र अन्तरनिकाय समन्वयलाई तीव्रता दिने दिशामा जोड दिएको छ ।

चितवनमा तीन हजार २८२ को निःशुल्क आँखा परीक्षण

चितवन । नेपाल नेत्रज्योति सङ्घ चितवनद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालको सहकार्यमा आइक्याम्पफोर चितवन र सपोर्ट एण्ड केयर पुनःस्थापना केन्द्रले तीन हजार २८२ जनाको निःशुल्क आँखा परीक्षण गरेको छ । शिविरमा मोतियाबिन्दु पहिचान भएका ३०३ जनाको निःशुल्क शल्यक्रिया गरिएको छ ।

भरतपुर आँखा अस्पतालका सूचना अधिकारी रमेश घिमिरेका अनुसार मङ्सिर १ देखि ५ गतेसम्म जिल्लाका आठ स्थानमा आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो ।

सम्पन्न भएको शिविरमा परीक्षण गराएकामध्ये ३०३ जनामा मोतियाबिन्दु देखिएको र उनीहरूको शल्यक्रिया भइरहेको उहाँले जानकारी दिनुभयो । सोमबार साँझसम्म सबैको शल्यक्रिया सम्पन्न गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

शिविरबाट एक हजार ६९० जनालाई निःशुल्क औषधि तथा चस्मा वितरण गरिएको पनि घिमिरेले जानकारी दिनुभयो । आइक्याम्पफोर चितवनका संयोजक राजबन्धु गौतमका अनुसार माडीको थारू सङ्घहालय, भरतपुरको मेघौलीस्थित क्लिनिक नेपाल, कालिकाको शक्तिखोरस्थित स्वास्थ्य चौकी र सिद्धि स्वास्थ्य चौकी, खैरहनीको कठार स्वास्थ्य चौकी, इच्छाकामनाको स्याङ्दीस्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र, राप्ती नगर पालिकाको थाकलटार माध्यमिक विद्यालय तथा रत्न नगरस्थित सपोर्ट एण्ड केयर पुनःस्थापना केन्द्रमा शिविर सञ्चालन गरिएको थियो ।

आर्थिक तथा भौगोलिक कारणले आँखा उपचार सेवाबाट वञ्चित नागरिकलाई सहज रूपमा गुणस्तरीय सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको गौतमले बताउनुभयो । आइक्याम्प फोरले विगत नौ वर्षदेखि हरेक वर्ष निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गर्दै आएको छ। ग्रामीण क्षेत्रमा सहज रूपमा आँखा उपचार सेवा प्राप्त गर्न कठिनाइ भएका नागरिकलाई आर्थिक सहयोगसमेत उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो ।

रेग्मी र बानियाँलाई तारानाथ-धनेश्वरी स्मृति पुरस्कार

म्याग्दी । तारानाथ-धनेश्वरी स्मृति प्रतिष्ठानले साहित्यकार रेखा-कौशल रेग्मी र पत्रकार प्रताप बानियाँलाई तारानाथ-धनेश्वरी स्मृति पुरस्कार प्रदान गरेको छ ।

प्रतिष्ठानले सोमबार (हिजो) आयोजित समारोहमा रेग्मी र बानियासहित आठ विद्यार्थीलाई पनि पुरस्कृत गरेको हो । बेनी नगरपालिका-५, पुलाचौरमा आयोजित समारोहमा साहित्य विधातर्फ म्याग्दी बहुमुखी क्याम्पसका सहायक प्राध्यापक रेग्मी र पत्रकारितातर्फ नेपाल टेलिभिजनका बानियालाई जनही रु १० हजार नगदसहित सम्मान गरिएको हो ।

प्रतिष्ठानले विसं २०८१ र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसइई) मा उत्कृष्ट नतिजा हासिल गर्ने जनकल्याण माध्यमिक विद्यालयका छ र शालग्राम गण्डकी वेदविद्याश्रमका दुई विद्यार्थीलाई पनि पुरस्कृत गरेको छ । विसं २०८१ को एसइईमा जनकल्याण माध्यमिक विद्यालयबाट खसआर्य तर्फ गरिमा हमाल, जनजातितर्फ दीपिका श्रेष्ठ र दलिततर्फ दीपेन्द्र छिनेल परियार पुरस्कृत हुनुभएको छ । त्यस्तै, शालग्राम गण्डकी वेदविद्याश्रमका आलोक शर्मालाई पनि पुरस्कृत गरिएको छ ।

यसैगरी, विसं २०८२ को एसइईमा उत्कृष्ट अङ्क ल्याउने जनकल्याण माध्यमिक विद्यालयका आयुष्मा सुवेदी, प्रशान्त श्रेष्ठ र अञ्जुली दर्जी तथा शालग्राम गण्डकी वेदविद्याश्रमका भुवन गौतम पुरस्कृत हुनुभएको छ ।

प्रतिष्ठानले उक्त शिक्षा, पत्रकारिता, साहित्य र सङ्गीत विधालाई समेटेर वि.सं. २०७७ मा



रु १५ लाखको अक्षयकोष स्थापना गरेको थियो। जनकल्याण माध्यमिक विद्यालयका संस्थापक तारानाथ र उहाँकी श्रीमती धनेश्वरीको स्मृतिमा उहाँहरूका छोरा, बुहारी तथा नातिनातिनाले उक्त कोष स्थापना गर्नुभएको हो ।

सम्पादकीय ....

विकासको जसको होडबाजी

देशको समृद्धि र नागरिकको जीवनस्तर सुधार गर्ने प्रमुख आधार विकास निर्माण हो । सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय, स्वास्थ्य संस्था जस्ता पूर्वाधार निर्माणले नागरिकको दैनिक जीवन सहज बनाउँछन् । तर, यस्ता महत्वपूर्ण विकास निर्माणका काममा राजनीतिक दल तथा जनप्रतिनिधिबीच कसले काम गरेको हो र जस कसले पाउने भन्ने विषयमा विवाद हुनु दुःखद पक्ष हो । पछिल्लो समय धादिङ जिल्लामा भइरहेका केही विकास निर्माणका काममा पनि यस्तै विषयले चर्चा पाउन थालेको छ ।

गत भदौमा आएको बाढीले धादिङको फुर्केखोलास्थित पक्की पुल बगाएपछि जिल्लाको सदरमुकाम धादिङबेँसी र पृथ्वी राजमार्गबीचको आवागमन प्रभावित भएको थियो । पुल बगाएपछि स्थानीय नागरिकले लामो वैकल्पिक बाटो प्रयोग गर्नुपर्ने बाध्यता भोगे । यस समस्याको समाधानका लागि धादिङका १३ वटै स्थानीय तहले संयुक्त रूपमा पहल गर्दै बर्दियामा प्रयोगविहीन अवस्थामा रहेको पन्टुन पुल ल्याएर फुर्केखोलामा जडान गर्ने प्रक्रिया अघि बढाए । ढुवानीदेखि जडानसम्मको खर्चसमेत स्थानीय तहले संयुक्त रूपमा व्यहोर्ने व्यवस्था गरिएको समाचार सार्वजनिक भएका छन् । विकास निर्माणका काममा कसले पहल गऱ्यो, कसको योगदान बढी रह्यो र जस कसले पाउने भन्ने विषयलाई लिएर राजनीतिक तहमा आरोप-प्रत्यारोप हुन थाले नागरिकमा निराशा पैदा हुन्छ । विकासको कामलाई राजनीतिक प्रतिस्पर्धाको विषय बनाउनुको सट्टा नागरिकको आवश्यकतासँग जोडेर हेर्नु आवश्यक छ । वास्तवमा विकास निर्माण कुनै एउटा राजनीतिक दलको निजी सम्पत्ति होइन । निर्वाचनमा जनतासँग गरेका प्रतिबद्धता पूरा गर्नु सबै राजनीतिक दल र जनप्रतिनिधिको जिम्मेवारी हो । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार सबैको आ-आफ्नो भूमिका हुन्छ । कतिपय आयोजना संघीय बजेटबाट निर्माण हुन्छन् भने कतिपय प्रदेश र स्थानीय तहको लगानीमा सञ्चालन हुन्छन् । त्यसैले कुनै आयोजनामा जस लिनेभन्दा पनि त्यसको सफल कार्यान्वयनमा सबैले सहयोग गर्नु महत्वपूर्ण हुन्छ । धादिङमा सडक, पुल तथा अन्य पूर्वाधार निर्माणका विषयमा राजनीतिक दलहरूबीच मतभेद देखिनु नयाँ कुरा होइन । फुर्केखोला पुलको विषयमा पनि विभिन्न तहका जनप्रतिनिधिबीच सार्वजनिक रूपमा फरक धारणा र आरोप-प्रत्यारोप आएको समाचार सार्वजनिक भएका थिए । तर, जनताले खोजेको कुरा कसले बढी बोलेको छ वा कसले जस लिएको छ भन्ने होइन । उनीहरूले खोजेको सुरक्षित पुल, सहज सडक र समयमै सम्पन्न हुने विकास निर्माण हो ।

राजनीतिक दलहरूबीच विचार र सिद्धान्त फरक हुन सक्छन् । विकासका प्राथमिकता र कार्यशैलीमा पनि फरक मत हुन सक्छ । तर, नागरिकको साझा हितसँग जोडिएका विषयमा भने सबै एक ठाउँमा उभिन सक्नुपर्छ । विकास निर्माणका काममा अनावश्यक विवाद गर्दा आयोजना ढिलो हुने, लागत बढ्ने र नागरिकले थप सास्ती भोग्नुपर्ने अवस्था आउन सक्छ । अर्कोतर्फ विकासको नाममा भएका कमजोरी, अनियमितता र ढिलासुस्तीमाथि प्रश्न उठाउनु पनि उत्तिकै आवश्यक छ । विवादमा समय खर्च गर्नुभन्दा भोलि जिल्लालाई कसरी समृद्ध बनाउने भन्ने विषयमा बहस गरौं । विकास निर्माणमा अवरोध होइन, सहयोग गरौं । आरोप-प्रत्यारोप होइन, सहकार्यको संस्कार विकास गरौं ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

सोलुखुम्बुको आकाशमा बढ्दो हेलिकप्टर जोखिम

सुवास दर्नाल

विश्वको सर्वोच्च शिखर सगरमाथासहित हिमाल, हिमनदी र पदयात्राका लागि विश्वप्रसिद्ध सोलुखुम्बुको आकाश पछिल्लो एक दशकदेखि हेलिकप्टर उडानको व्यस्त क्षेत्र बन्दै गएको छ । उद्धार, पर्यटक ओसारपसार, हिमाली दृश्यावलोकन, पर्वतारोहण तथा विभिन्न व्यावसायिक प्रयोजनका लागि दैनिक ठूलो सङ्ख्यामा हेलिकप्टर सञ्चालन हुने गरेका छन् । तर पर्यटकीय गतिविधिसँगै बढेको हवाई चहलपहलले सुरक्षा जोखिमसमेत बढाएको छ ।

पछिल्लो एक दशकमा सोलुखुम्बुका विभिन्न क्षेत्रमा भएका हेलिकप्टर दुर्घटनाका घटना हेर्दा यो जोखिम सामान्य नभएको जानकार हरुको चिन्ता छ । दुर्घटनामा मानवीय क्षति, चालकको मृत्यु, यात्रु घाइते हुनेदेखि हेलिकप्टर पूर्णरूपमा क्षतिग्रस्त हुनेसम्मका घटना भएका छन् । कतिपय घटनामा प्राविधिक समस्या, कतिपयमा प्रतिकूल मौसम, अवतरण स्थलको अवस्था र मानवीय तथा व्यवस्थापकीय कमजोरी देखिएका छन् ।

पछिल्लो पटक गत कात्तिक १७ गते जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित फेरुचे हेलिप्याडमा दुई हेलिकप्टर एक आपसमा ठोक्किँदा एक विदेशी पर्यटकको मृत्यु भयो भने तीन जना घाइते भए । फिस्टेल एयर र एयर डाइनेस्टीका हेलिकप्टर अवतरण गर्ने क्रममा ठोक्किएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ । सो दुर्घटनामा एक भारतीय नागरिकको मृत्यु भएको थियो भने न्युजिल्यान्डका एक यात्रु र दुवै हेलिकप्टरका चालक घाइते भएका थिए ।

बिहान करिब ८ बजेर १२ मिनेटमा भएको उक्त घटनाले सोलुखुम्बुको हिमाली क्षेत्रमा हेलिकप्टर उडान तथा अवतरणको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको छ । फेरेचे क्षेत्र लुक्ला विमानस्थलको हवाई ट्राफिक नियन्त्रणको प्रत्यक्ष सञ्चार पहुँच बाहिर पर्ने भएकाले त्यहाँ उडान तथा अवतरणका क्रममा चालकहरू बीच आपसी समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ । यद्यपि, दुर्घटनाको वास्तविक कारण आधिकारिक अनुसन्धानबाट मात्र पुष्टि हुने जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका सूचना अधिकारी प्रहरी निरीक्षक मौसम तामाङले बताउनुभयो । सोलुखुम्बुको आकाशमा हेलिकप्टर सञ्चालनको बढ्दो चाप, नियमनको प्रभावकारिता, कम्पनीहरूको व्यावसायिक प्रतिस्पर्धा र यात्रुको सुरक्षाबीचको सन्तुलनबारे पुनर्विचार गर्नुपर्ने अवस्थाको सङ्केत पनि हो ।

एक दशकमा पाँच दुर्घटना

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको अभिलेखअनुसार २०७३ देखि २०८३ को हालसम्म सोलुखुम्बुमा भएका पाँच प्रमुख हेलिकप्टर दुर्घटना तथा गम्भीर घटनाले सुरक्षा चुनौती उजागर गरेका छन् । २०७३ असोज ९ गते जिल्लाको जुभिङस्थित बुक्सामा माउन्टेन एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । बिरामी लिएर उड्ने क्रममा जमिन छाडेको केही सेकेन्डमै इन्जिन बन्द भएपछि चालकले आकस्मिक अवतरण गराएका थिए । अवतरणका क्रममा हेलिकप्टरको अगाडिको भाग जमिनमा ठोक्किएर क्षतिग्रस्त भएको भए पनि हेलिकप्टरमा सवार छ जना नै सकुशल रहेका थिए ।

त्यस्तै २०७९ असार २६ मा मनाङ एयरको हेलिकप्टर लामजुराको चिहानडाँडामा दुर्घटनाग्रस्त भयो । ९एन-एएमभी कलसाइनको हेलिकप्टरमा चालक क्याप्टेन चेतबहादुर गुरुङसहित पाँच जना मेक्सिकन नागरिक सवार थिए । दुर्घटनामा सबै छ जनाको मृत्यु भयो । प्रारम्भिक विवरणमा प्रतिकूल मौसमलाई सम्भावित कारणका रूपमा औंल्याइएको थियो । २०७९ असोज २७ गते लोबुचेमा मनाङ एयरकै हेलिकप्टर अवतरणका क्रममा दुर्घटनामा परेको थियो । ९एन-एएनजे कलसाइनको हेलिकप्टरमा चालक प्रकाशकुमार सेढाईं मात्र सवार थिए । दुर्घटनापछि हेलिकप्टरमा आगलागी भएको थियो । गम्भीर घाइते चालकलाई उद्दार गरी काठमाडौं हुँदै थप उपचारका लागि भारत लगिए पनि उपचारकै क्रममा उहाँको मृत्यु भयो ।

यसैगरी २०८२ कात्तिक १२ गते लोबुचे हेलिप्याडमा अल्टिच्युड एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । लुक्लाबाट पर्यटक लिन गएको हेलिकप्टर हिउँले ढाकिएको हेलिप्याडमा अवतरण गर्ने क्रममा चिप्लिएर पल्टिएको थियो । हेलिकप्टरका चालक सकुशल रहेका थिए तर हेलिकप्टरमा ठूलो क्षति पुगेको थियो । २०८३ कात्तिक १७ गते फेरुचेमा फिस्टेल एयर र एयर डाइनेस्टीका हेलिकप्टर अवतरण गर्ने क्रममा आकाशमै ठोक्किए । दुर्घटनामा भारतीय पर्यटकको मृत्यु भयो भने एक अन्य यात्रु र दुवै हेलिकप्टरका चालक घाइते भए । यो घटनाले एउटै हेलिप्याडमा एकभन्दा बढी हेलिकप्टरको आवागमन व्यवस्थापन, सञ्चार समन्वय र अवतरणको प्राथमिकतासम्बन्धी व्यवस्थामाथि प्रश्न उठाएको पर्यटन व्यवसायी आङ छिरिङ शेर्पाको भनाई छ ।

दुर्घटनाको कारण ?

नेपालको हिमाली भूगोलमा हेलिकप्टर उडान आफैंमा चुनौतीपूर्ण मानिन्छ । अग्ला हिमाल, साँघुरा उपत्यका, तीव्र गतिमा परिवर्तन हुने मौसम, हावाको चाप, हिमपात, कुहिरो र सीमित अवतरण क्षेत्रले उडानलाई जोखिमपूर्ण बनाउँछन् तर सबै दुर्घटनाको कारण मौसमलाई मात्रै देखाएर उम्कन मिल्ने अवस्था भने देखिँदैन । लोबुचेमा २०२५ अक्टोबर २९ मा भएको दुर्घटनाको सरकारी अनुसन्धान प्रतिवेदनले यसबारे महत्वपूर्ण तथ्य उजागर गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतको विमान दुर्घटना अनुसन्धान निकायले २०२६ मार्च २३ मा सार्वजनिक गरेको अन्तिम प्रतिवेदन अनुसार उक्त दुर्घटनामा हेलिकप्टर मा प्राविधिक खराबी थिएन । हेलिकप्टर उडान योग्य अवस्थामा थियो र नियमित मर्मतसम्भार समेत गरिएको थियो । दुर्घटना हुनुको प्रमुख कारण हिउँले ढाकिएको हेलिप्याडमा अवतरण गर्ने क्रममा हेलिकप्टरको स्किड असन्तुलित हुनु र त्यसलाई मिलाउने प्रयास गर्दा चालकबाट आवश्यकताभन्दा बढी नियन्त्रण प्रतिक्रिया हुनु रहेको प्रतिवेदनले निष्कर्ष निकालेको छ । प्रतिवेदनले लुक्लास्थित कम्पनीको सञ्चालन व्यवस्थापनमा समेत कमजोरी देखाएको छ । व्यस्त मौसममा आवश्यक जिम्मेवार कर्मचारी उपस्थित नहुनु, उडानपूर्व जोखिम मूल्याङ्कन व्यवस्थित नहुनु र चालकलाई मौसम तथा अवतरण स्थलको पर्याप्त जानकारी नदिनु दुर्घटनाका सहायक कारण थिए । अझ महत्वपूर्ण कुरा, लोबुचेमा मौसम मापन गर्ने केन्द्रसमेत नभएको प्रतिवेदनमा उल्लेख छ । लुक्लाको हवाई ट्राफिक सेवा केन्द्रसँग प्रत्यक्ष रेडियो सञ्चार पहुँच पनि थिएन ।

राज्यको नियामकीय उपस्थिति कमजोर

सोलुखुम्बुमा हेलिकप्टर दुर्घटनाका घटनाले नागरिक उड्डयन प्राधिकरणको नियमन तथा अनुगमन प्रणालीमाथि पनि प्रश्न उठाएको छ । विशेषगरी लुक्लाभन्दा माथिका फेरुचे, लोबुचे, गोरक्सेप, कालापत्थरलगायतका क्षेत्रमा उडान तथा अवतरण सञ्चालन हुँदा सबै स्थानमा हवाई ट्राफिक नियन्त्रणको प्रभावकारी व्यवस्था नभएको चालकहरु बताउँछन् । कतिपय ठाउँमा चालकहरूले एकअर्कासँग सञ्चार गरेर उडान तथा अवतरण समन्वय गर्नुपर्ने बाध्यता रहेको छ ।

यस्तो अवस्थामा प्रत्येक हेलिकप्टरले आफ्नो स्थान, उडान दिशा, अवतरण गर्ने समय र अन्य हेलिकप्टरको गतिविधिबारे स्पष्ट जानकारी राख्नुपर्छ । तर एउटै क्षेत्रमा धेरै हेलिकप्टर सञ्चालन हुँदा प्रभावकारी सञ्चार तथा समन्वय प्रणाली नहुँदा दुर्घटनाको जोखिम बढ्न सक्छ । फेरुचेको पछिल्लो दुर्घटनाले यही प्रश्नलाई सतहमा ल्याएको छ ।

लोबुचे दुर्घटनाको सरकारी अन्तिम प्रतिवेदनले नौवटा सुरक्षा सिफारिस गरेको छ । तीमध्ये व्यस्त मौसममा हेलिकप्टर कम्पनीले लुक्लाजस्ता आधार केन्द्रमा जिम्मेवार सञ्चालन कर्मचारी अनिवार्य उपस्थित गराउनुपर्ने, उडानअघि जोखिम मूल्याङ्कन गर्नुपर्ने, अवतरण स्थलको अवस्था र मौसमबारे चालकलाई विस्तृत जानकारी दिनुपर्ने तथा हेलिप्याडमा अवतरण सहयोगी कर्मचारीको व्यवस्था गर्नुपर्ने विषय छन् । नागरिक उड्डयन प्राधिकरणले उच्च हिमाली क्षेत्रमा प्रयोग हुने हेलिप्याडको प्राविधिक मूल्याङ्कन गर्नुपर्ने, स्पष्ट देखिने मानक सङ्केत राख्नुपर्ने र हिउँ तथा उच्च हिमाली भूभागमा हेलिकप्टर सञ्चालनका लागि विशेष निर्देशिका तयार गर्नुपर्ने सिफारिस गरिएको छ ।

व्यावसायिक प्रतिस्पर्धा कि यात्रुको सुरक्षा ?

सगरमाथा क्षेत्र नेपालको सबैभन्दा महत्वपूर्ण पर्यटकीय गन्तव्य हो । यहाँ आउने विदेशी पर्यटकमध्ये केहीले पदयात्रा गर्छन् भने केहीले हेलिकप्टरमार्फत हिमाली दृश्यावलोकन तथा आवागमन रोज्छन् । बिरामी तथा दुर्घटनामा परेका पर्यटकको उद्दारमा हेलिकप्टरको भूमिका झनै महत्वपूर्ण छ । तर यही क्षेत्र हेलिकप्टर कम्पनीहरूको व्यावसायिक गतिविधिको केन्द्र बन्दै जाँदा त्यसको सञ्चालनमा आवश्यक अनुशासन र सुरक्षाको विषय प्राथमिकतामा रहनुपर्ने पर्यटन व्यवसायी तेम्बा छिरी शेर्पाले बताउनुभयो । उहाँ भन्नुहुन्छ, "पर्यटकको समय बचत गर्ने, छिटो सेवा दिने र बढीभन्दा बढी उडान सञ्चालन गर्ने व्यावसायिक उद्देश्यले उडान सुरक्षाका मापदण्डलाई कमजोर बनाउनु हुँदैन । हिमाली क्षेत्रमा एउटा अतिरिक्त उडानबाट हुने आम्दानीभन्दा यात्रुको जीवनको मूल्य ठूलो हुन्छ ।"

बिज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरु

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं।

नेपाल सरकार,
विज्ञापन बोर्ड

राउटे समुदायको परम्परागत सीप र संस्कृति संरक्षण गर्न सरकारसँग माग

काठमाडौँ । लोपोन्मुख राउटे समुदायको मौलिक पहिचान, परम्परागत सीप, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गर्न समुदायका प्रतिनिधिले सरकारसँग माग गरेका छन् ।



सोमबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग भेट गरी राउटे समुदायका प्रतिनिधिले आफ्नो परम्परागत जीवनशैली र सांस्कृतिक पहिचान संरक्षणका लागि राज्यको विशेष पहल आवश्यक रहेको बताएका हुन् ।

कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरी र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिकमन्त्री सीता वादीको उपस्थितिमा भएको छलफलमा राउटे समुदायको परम्परागत काष्ठकला तथा हस्तकलाको प्रवर्द्धन, भाषा र संस्कृतिको संरक्षण, सामाजिक सुरक्षा तथा दिगो आयआर्जनका अवसर सिर्जना गर्नुपर्ने विषय उठाइएको थियो ।

छलफलमा उर्जामन्त्री श्रेष्ठले राउटे समुदायको मौलिक पहिचान र परम्परागत सीपको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै यसका लागि सरकार सकारात्मक रहेको बताउनुभयो ।

उहाँले स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी समुदायको सीपलाई आयआर्जनसँग जोड्ने, भाषा तथा कलाको संरक्षण गर्ने र आवश्यक सामाजिक सुरक्षाको व्यवस्था मिलाउने दिशामा काम गर्नुपर्ने बताउनुभयो ।

पहिचान र अधिकार सुनिश्चित गर्न आग्रह

काठमाडौँ । गृह श्रमिकले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानको उचित मूल्याङ्कन गर्दै उनीहरूको पहिचान, अधिकार तथा आर्थिक-सामाजिक समुन्नति सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

गृह श्रमिक सरोकार समाज नेपालले सोमबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले गृह श्रमिकको योगदान अर्थतन्त्रको विकासमा विशिष्ट रहे पनि राज्यका नीति, कानुन र तथ्याङ्कमा उनबीहरूले उचित स्थान पाउन नसकेको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा पुकार मल्लले गृह श्रमिकको क्षेत्रमा नीतिगत सहकार्यका लागि हालसम्म भएका प्रयासबारे चर्चा गर्दै आगामी सत्रौँ आवधिक योजनामा यस विषयलाई उचित सम्बोधन गरिने बताउनुभयो । उहाँले चालु सोह्रौँ आवधिक योजनाको मध्यावधि समीक्षाका क्रममा पनि गृह श्रमिकले पनि अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे विवेचना गरिने विश्वास व्यक्त गर्नुभयो ।

समाजका अध्यक्ष प्रभा पोखरेलले श्रम ऐन तथा नीतिमा परिमार्जन र गृह श्रमिकका मुद्दाको सम्बोधनका लागि आफूहरूले लामो समयदेखि पैरवी गर्दै आएको बताउनुभयो । उहाँले गृह श्रमिकको पहिचान, सञ्जालीकरण, क्षमता तथा सीप विकास र श्रमिकका रूपमा मान्यता एवं अधिकार सुनिश्चित गर्न सरकारी तथा गैर सरकारी क्षेत्रबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा प्रस्तुत अध्ययन-विवेचनाअनुसार गृह श्रमिक भन्नाले आफ्नै घर वा आफूले रोजेको अन्य स्थानमा बसेर रोजगार दाताको कार्यस्थलबाहिर ज्यालाका लागि वस्तु उत्पादन गर्ने वा सेवा प्रदान गर्ने श्रमिक हुन् । उनीहरूले रोजगारदाताले निर्दिष्ट गरेका वस्तु वा सेवा उत्पादन तथा उपलब्ध गराउने गर्दछन् । यसका लागि आवश्यक उपकरण, सामग्री तथा अन्य स्रोत रोजगारदाता वा श्रमिक स्वयंले उपलब्ध गराउन सक्छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण ले मुलुकमा करिब ३० लाख अनौपचारिक गृह श्रमिक रहेको देखाएको छ । तीमध्ये करिब ५० प्रतिशत महिला छन् । गृह श्रमिकमध्ये एक प्रतिशतभन्दा कमले मात्रै रोजगारदातासँग लिखित करार सम्झौता गरेका छन् । उनीहरूले वार्षिक बिदा, तलबी बिदालगायत श्रम अधिकार तथा सुविधासमेत प्राप्त गर्न नसकेको जनाइएको छ ।

सरकारी तथ्याङ्कअनुसार गृह श्रमिकले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा ११ प्रतिशत योगदान पुऱ्याएका छन् । यसैगरी अर्थतन्त्रमा यति ठूलो योगदान रहे पनि उनीहरूको श्रमको उचित मूल्याङ्कन, सामाजिक सुरक्षा र कानुनी संरक्षण हुन नसकेको कार्यक्रममा सहभागी वक्ताहरूले बताउनुभयो ।

५६ करोड लागतको परियोजनका लागि सम्झौता

विराटनगर । कोशी प्रदेश सरकारले आयोजना गरेको लगानी सम्मेलनमा भएको प्रतिबद्धताअनुरूप सुनसरीको दुहबी नगरपालिकामा फोहरमैला व्यवस्थापन परियोजना सञ्चालन हुने भएको छ ।

परियोजना सञ्चालनका लागि रिभाइभ इन्फ्रा टेक एन्ड इन्भेस्टमेन्ट लिमिटेड र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर समेत भएको जनाइएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा उक्त समझदारीपत्रमा आज हस्ताक्षर भएको हो ।

दुहबी नगरपालिकामा निर्माण गरिने यस परियोजनाको कूल लागत रु ५६ करोड रहेको छ । परियोजना सञ्चालनमा आएपछि सुनसरी र मोरङ जिल्लाका विभिन्न पालिकाको फोहरमैला व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । कोशी प्रदेश सरकारले विसं २०८१ वैशाख १८ र १९ गते आयोजना गरेको लगानी सम्मेलनमा ५१ वटा परियोजनाका लागि रु एक खर्ब ५६ अर्ब बराबरको लगानी सम्बन्धी समझदारी भएको थियो ।

उक्त समझदारीअनुसार निजी क्षेत्रबाट मात्रै सञ्चालन हुने कतिपय परियोजना सुरु भइसकेका छन् भने सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलका परियोजना पनि कार्यान्वयनको चरणमा छन् । हालसम्म पाँच वटा परियोजनाको परियोजना विकास सम्झौता भइसकेको र थप १२ वटा परियोजना सम्झौताको चरणमा रहेको लगानी प्राधिकरणका कार्यकारी निर्देशक सरोज कोइरालाले जानकारी दिनुभयो । यसैबीच, परियोजनालाई अगाडि बढाउन कोशी प्रदेश सरकार र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडबीच पनि समझदारी भएको छ । उक्त समझदारीपछि कोशी प्रदेशमा सार्वजनिक-निजी साझेदारीका पूर्वाधार सम्बन्धी परियोजना कार्यान्वयन का लागि बैंकले आवश्यक लगानी तथा वित्तीय सहजीकरण गर्नेछ ।

उक्त प्रदेशको पूर्वाधार विकासलाई समृद्धिको महत्वपूर्ण आधारका रूपमा अघि बढाउने उद्देश्यले प्रदेश सरकारले बैंकसँग सहकार्यको पहल गरेको हो । समझदारीपत्र हस्ताक्षर समारोहमा मुख्यमन्त्री कार्कीले नीतिगत तथा कानुनी सुधार गर्दै प्रदेश सरकार लगानीमैत्री वातावरण निर्माणमा अघि बढिरहेको बताउनुभयो ।

कोशी प्रदेश लगानीका दृष्टिले अथाह सम्भावना बोकेको प्रदेश भएको उल्लेख गर्दै उहाँले जलविद्युत्, कृषि र पर्यटन क्षेत्रमा प्रचुर सम्भावना रहेको बताउनुभयो । मुख्यमन्त्री कार्कीले भन्नुभयो, "हामी लगानी सम्मेलनमा भएका प्रतिबद्धता लाई व्यवहारमा उतार्दै नीतिगत र कानुनी सुधारमार्फत प्रदेशमा समृद्धिको यात्रालाई अगाडि बढाउँछौं।" बैंकले पूर्वाधार विकासमा साझेदार गर्न सक्ने सम्भावनाबारे बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले उद्योग सञ्चालनका लागि ल्यान्ड पुलिङ गर्न सक्ने अवस्था नरहेको र जग्गा प्राप्तिको प्रक्रिया जटिल बन्दै गएकाले उद्योगधन्दा सञ्चालनमा कठिनाइ भइरहेको बताउनुभयो ।

सो क्रममा उहाँले उद्योग सञ्चालनका लागि सहज रूपमा जग्गा उपलब्ध गराउन सरकारले पहल गर्नुपर्नेमा जोड दिनुभयो । दुहबी नगरपालिका प्रमुख बेद गच्छदारले पनि परियोजन सञ्चालन भएमा नगरवासी अत्यधिक रुपमा लाभान्वित हुने बताउनुभयो ।

सेल ब्रडकास्ट प्रणालीको प्रारम्भिक परीक्षण सफल

काठमाडौँ । विपदको जोखिममा रहेका क्षेत्रका नागरिकलाई मोबाइल फोनमार्फत समयमै पूर्वसूचना पुऱ्याउने उद्देश्यले नेपालमै विकसित सेल ब्रडकास्ट प्रणाली (सीबीएस) को प्रारम्भिक प्राविधिक परीक्षण सफल भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयको समन्वयमा गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको सहकार्यमा सोमबार उक्त प्रणालीको परीक्षण गरिएको हो ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना र गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा नेपाल टेलिकमको बलम्बुस्थित टावरबाट परीक्षण सन्देश प्रवाह गरिएको थियो । परीक्षणका क्रममा सोमबार साँझ काठमाडौँको निश्चित भौगोलिक क्षेत्रमा रहेका मोबाइल फोनमा नेपाली र अङ्ग्रेजी दुवै भाषामा 'यो परीक्षण सन्देश हो' उल्लेख गरिएको सन्देश पठाइएको थियो । मोबाइलमा सन्देश प्राप्त हुँदा सामान्य सन्देशभन्दा फरक चेतावनी ध्वनि र कम्पनसमेत आएको थियो । सेल ब्रडकास्ट प्रणालीमार्फत निश्चित भौगोलिक क्षेत्रभित्र रहेका मोबाइल फोनमा एकैपटक आपत्कालीन सूचना प्रवाह गर्न सकिन्छ । यसका लागि प्रत्येक व्यक्तिको मोबाइल नम्बरमा छुट्टाछुट्टै सन्देश पठाउनुपर्ने वा इन्टरनेटको आवश्यकता पर्दैन । मोबाइल सेवा प्रदायकको नेटवर्कमा जोडिएका लक्षित क्षेत्रका मोबाइल फोनमा एकैपटक सूचना पुऱ्याउन सकिने भएकाले नेटवर्कमा अत्यधिक चाप भएको अवस्थामा समेत यस प्रणालीबाट प्रभावकारी रूपमा सन्देश प्रवाह गर्न सकिनेछ ।

यस प्रणालीको अर्को विशेषता भनेको प्रयोगकर्ताको व्यक्तिगत मोबाइल नम्बर वा अन्य विवरण सङ्कलन नगरी लक्षित भौगोलिक क्षेत्रमा सूचना पुऱ्याउन सक्नु हो । यस प्रविधिको प्रयोगबाट बाढीपहिरो, हिमताल विस्फोटजन्य बाढी, भूकम्प तथा प्रतिकूल मौसमलगायत विपद्का सम्भावित जोखिमबारे पूर्वसूचना र आवश्यक सुरक्षा निर्देशन जोखिममा रहेका क्षेत्रका नागरिकसम्म समयमै पुऱ्याउन सकिनेछ ।

प्रारम्भिक परीक्षणबाट प्राप्त प्राविधिक नतिजा र अनुभवका आधारमा प्रणालीलाई थप परिष्कृत गर्दै उच्च विपद् जोखिम भएका क्षेत्रमा चरणबद्ध रूपमा विस्तार गर्ने लक्ष्य राखिएको छ । विपद्का समयमा नागरिकलाई समयमै सचेत गराउन, सुरक्षित स्थानमा जान आवश्यक निर्देशन उपलब्ध गराउन तथा सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न यस प्रणालीले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

निर्माणजन्य खनिजको सदुपयोग गरी निर्यात बढाउन मन्त्री साहको जोड

काठमाडौँ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले निर्माणजन्य खनिज तथा सामग्रीको उत्खनन र निर्यात प्रवर्द्धनका लागि तत्काल विशेष कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभएको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सोमबारको बैठकमा खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि विज्ञहरूसँगको छलफलपछि उहाँले नेपालमा उपलब्ध निर्माण सामग्रीको सदुपयोग गरी भारत र बङ्गलादेशमा निर्यात गर्न सकिने सम्भावना रहेको बताउनुभयो । त्यसका लागि तत्काल निर्माणजन्य खनिज तथा सामग्रीको उत्खनन र निर्यात प्रवर्द्धनको विशेष कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औल्याउनुभएको हो । उहाँले अहिले भारत र बङ्गलादेशलाई निर्माण सामग्री आवश्यक रहेको र भुटानले समेत पहाडबाट प्राप्त निर्माण सामग्री बिक्री गरिरहेको सन्दर्भ उल्लेख गर्दै नेपालले पनि आफ्नो खनिज स्रोतको उपयोग र निर्यातमा ध्यान दिनुपर्ने धारणा राख्नुभयो । कोशी नदीमा ठूलो परिमाणमा थुप्रिएको बालुवालाई 'ह्वाइट गोल्ड' को शंज्ञा दिँदै मन्त्री साहले 'ड्रेजिङ' मार्फत निकालेर उपयोग गर्न सकिने बताउनुभयो । नदीमा थुप्रिएको बालुवा र बढ्दो नदी सतहलाई व्यवस्थापन गर्दै आगामी १० वर्षभित्रै त्यस्ता स्रोतको उपयोग गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँले राष्ट्रिय निर्माणजन्य खनिज तथा सामग्री उद्योग विकास एवं निर्यात प्रवर्द्धन कार्यक्रम तत्काल ल्याउन संसदीय समितिको समेत पहलको आवश्यकता औल्याउदै मन्त्रालयका अधिकारीलाई यस विषयमा काम अघि बढाउन निर्देशन दिनुभयो । मन्त्री साहले खानी तथा खनिज क्षेत्रको विकासका लागि विज्ञबाट प्राप्त सुझावलाई ग्रहण गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । बैठकमा भूगर्भविद् डा कविराज पौडेलले खानी तथा खनिज क्षेत्रलाई अनुमतिपत्र वितरण र प्रशासनिक नियन्त्रणमा सीमित नराखी वैज्ञानिक अनुसन्धान, स्वतन्त्र प्राविधिक मूल्याङ्कन र लगानीमैत्री प्रणालीमा रूपान्तरण गर्नुपर्ने बताउनुभयो ।

विधेयकमा प्रस्तावित शून्य दशमलव २५ वर्ग किलोमिटर को क्षेत्रफल बढाउनुपर्ने उल्लेख गर्दै साना क्षेत्रमा टुक्राटुक्रा उत्खनन गर्दा अव्यवस्थित खानी सञ्चालन र वातावरणीय समस्या बढ्न सक्ने बताउनुभयो । खनिजको वास्तविक फैलावट र भौगोलिक अवस्था अनुसार उत्खनन क्षेत्र निर्धारण गर्न तथा दुई खानी क्षेत्रबीच ५० मिटर दूरी अनिवार्य गर्ने व्यवस्थालाई आवश्यकताअनुसार परिमार्जन गर्न डा पौडेलको सुझाव थियो । यसैगरी भूगर्भविद डा पुरुषोत्तम प्रसाद अधिकारीले खानी उद्योगमा लगानीकर्तालाई प्रोत्साहन गर्न सरकारलाई आग्रह गर्नुभयो ।

गरिमा विकास बैंकद्वारा नौ स्थानमा रक्तदान

चितवन । रगतको अभाव भइरहेका बेला गरिमा विकास बैंकले सोमबार देशका नौ ठाउँमा गरेको रक्तदान कार्यक्रममा ७१३ जनाले रक्तदान गरेका छन् ।

बैंकले बिगतका वर्षहरु जस्तै गरी २०औँ वार्षिकोत्सबको अवसर पारेर रक्तदान कार्यक्रमको आयोजना गरेको हो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीका अनुसार मुख्य कार्यालय बालुवाटार कार्यालयमा ८१ , वेनी कार्यालयमा ५०, पोखरा कार्यालयमा १३२ , वालिङ शाखामा ५४ जनाले रक्तदान गरेका छन् । यसैगरी बुटवल शाखामा १०१ , कोहलपुर शाखामा १०६, नारायणगढ शाखामा ८३ , जनकपुर शाखामा ४३ र इटहरी शाखामा ६३ जनाले रक्तदान गरेका छन् । बैंकले गत वर्षको वार्षिकोत्सबमा विभिन्न ठाउँमा रक्तदान गरी ६०२ युनिट रगत सङ्कलन गरेको थियो । बैंकका कार्यालयहरुमा जनप्रतिनिधि, स्थानीय समाज सेवी, बैंकका सञ्चालक, उच्च तहका कर्मचारी लगायतले रक्तदान कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । बैंकका कर्मचारी, ग्राहक, शुभेच्छुकलगायतले रक्तदान गरेका हुन् ।

बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले रगतको अभाव सबै ठाउँमा सधैं जसो हुने गरेको भन्दै केही हदसम्म अभावलाई पूर्ति गर्ने उद्देश्यले बैंकको हरेक वार्षिकोत्सवमा देशका विभिन्न ठाउँमा रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको जानकारी दिनुभयो । सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले समुदायको हितका लागि विभिन्न कार्यक्रमसमेत गर्दै आएको उहाँले बताउनुभयो ।

सूर्य किरण' को संयुक्त अभ्यास मङ्सिर ९ गतेदेखि

काठमाडौँ । नेपाल र भारतकाबीच हुँदै आएको संयुक्त सैन्य अभ्यास 'सूर्य किरण' मा सहभागी हुन भारतीय सैनिक टोली सोमबार नेपाल आएको छ ।

विसं २०६७ देखि नेपाल र भारतमा आलोपालो गरी वार्षिक रूपमा यो सैन्य अभ्यास सञ्चालन हुँदै आएको समेत बताइएको छ । संयुक्त सैनिक अभ्यास 'सूर्य किरण' को बिसौँ संस्करणमा सहभागी हुन भारतीय सेनाको टोली रुपन्देहीको सालझण्डी स्थित नेपाली सैनिक ब्याटल स्कुलमा आइपुगेको नेपाली सेनाले जनाएको छ । सो सैन्य अभ्यास यही मङ्सिर ९ देखि २२ गतेसम्म सञ्चालन हुने बताइएको छ । उक्त अभ्यासमा भारतीय सेनाको १२ कुमाउ रेजिमेन्ट र नेपाली सेनाका तर्फबाट ज्वालादल गण सहभागी हुने कार्यक्रम रहेको विषयमा जनसम्पर्क तथा सूचना निर्देशनालय जङ्गी अड्डाले जानकारी दिएको छ ।

विद्यालयमै रक्तसमूह पहिचान

प्रत्यूष समाचारदाता

धादिङबेशी । धादिङको नेत्रावती डबजोङ गाउँपालिकाका ९५ विद्यार्थीले सोमबार आफू पढ्ने विद्यालयमै रक्तसमूह परीक्षण गराएका छन् । गाउँपालिकाको स्वास्थ्य शाखाले विद्यार्थीलाई लक्षित गरी सोमबारदेखि सुरु गरेको कार्यक्रममा उनीहरूको रक्तसमूह पहिचान गरिएको हो ।

विद्यालयमै आफ्नो रक्तसमूह थाहा पाउन पाएको भन्दै विद्यार्थीहरुले पालिकालाई धन्यवाद दिएका छन् । ग्रामीण बस्तीका विद्यार्थीले यही परीक्षणका लागि छुट्टै स्वास्थ्य संस्था पुग्नुपर्ने अवस्थालाई विद्यालयसम्म पुगेको सेवाले सहज बनाएको छ। स्वास्थ्य शाखाका प्रमुख मधु धमला क्षेत्रीका अनुसार गाउँपालिकाका आठ सामुदायिक विद्यालयमा यस कार्यक्रम सञ्चालन हुनेछ । कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रछात्रालाई समेटेर विद्यालयमै रक्त समुह परीक्षण गर्ने व्यवस्था मिलाइएको छ। परीक्षणबाट प्राप्त रक्तसमूहको जानकारी विद्यार्थी तथा अभिभावकले व्यक्तिगत स्वास्थ्य विवरणका रूपमा राख्न पाउने भएका छन् ।



गाउँपालिकाले विद्यालयलाई परीक्षणस्थल बनाएर विद्यार्थीसमक्ष सेवा पुऱ्याएको हो। स्वास्थ्य शाखा र विद्यालयबीचको समन्वयमा सञ्चालित कार्यक्रममा माध्यमिकसँगै आधारभूत तहका विद्यार्थीले पनि सेवा पाएका छन्। स्वास्थ्य शाखा प्रमुख धमला क्षेत्रीका अनुसार पाँच माध्यमिक र तीन आधारभूत विद्यालयमा मङ्सिर ११ गतेसम्म परीक्षण गरिनेछ ।

सोमबार मङ्गलादेवी माध्यमिक विद्यालय र निमारचोक आधारभूत विद्यालयमा गरिएको छ। बाँकी विद्यालयमा क्रमशः सेवा सञ्चालन गरिने क्षेत्रीले जानकारी दिनुभयो ।

लामो समयदेखि अलपत्र चुहार पुलको निर्माण अघि बढ्ने

विराटनगर। लामो समयदेखि अलपत्र परेको भोजपुर र उदयपुर जोड्ने दूधकोशी नदीमाथिको चुहार मोटरेबल पुल २०८४ असार मसान्तभित्र निर्माण सम्पन्न गर्ने प्रतिबद्धता प्रदेश सरकारले जनाएको छ ।

पुलको डिजाइन संशोधन सँगै लागत बढाउने प्रस्ताव (भेरिएसन) स्वीकृत भएपछि निर्माण कार्य अघि बढ्ने भएको हो। बाढीको जोखिमलाई ध्यानमा राखी पुरानो डिजाइनभन्दा पुलको उचाइ एक मिटर बढाइएको छ। यसबाट निर्माण लागत रु चार करोड ८५ लाखले वृद्धि भएको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्की, पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई, भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्य, नेपाली कम्युनिष्ट पार्टी संसदीय दलका नेता तथा पूर्वअर्थमन्त्री इन्द्रबहादुर आङ्बो लगायतको टोलीले सो स्थानको स्थलगत निरीक्षण पछि सो निष्कर्षमा पुगेको हो। टोलीले स्थानीय बासिन्दा र निर्माण व्यवसायीसँग छलफल गर्दै पुल निर्माण अब नरोकिने विश्वास दिलाएको हो । मुख्यमन्त्री कार्की र मन्त्री आचार्यले बजेट अभाव हुन नदिई निर्धारित समयमै आयोजना सम्पन्न गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था गर्ने प्रतिबद्धता जनाएका छन् । उहाँले निर्माण व्यवसायीलाई पनि तोकिएको समयभित्र काम सक्न निर्देशन दिँदै समयसीमाभित्र काम पूरा नभए ठेक्का सम्झौता तोडेर कानुनी प्रक्रियाबाट आयोजना अघि बढाइने चेतावनी दिनुभएको छ ।

कोशी प्रदेश पूर्वाधार विकास निर्देशनालयका निर्देशक इन्जिनियर सुशिल श्रेष्ठका अनुसार भेरिएसन स्वीकृत भएसँगै निर्माण कार्य अघि बढ्नेछ । उहाँले अबको १८ महिनाभित्र पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता निर्माण कम्पनीका प्रतिनिधिले पनि व्यक्त गरेको जानकारी दिनुभयो। उहाँका अनुसार बाढीको जोखिमलाई ध्यानमा राखेर पुलको पुरानो डिजाइनभन्दा उचाइ एक मिटर बढाइएको हो । उचाइ बढाउँदा प्रयोग हुने फलामको परिमाणसमेत बढेकाले लागत संशोधन गर्नुपरेको हो । पुल निर्माण हुने स्थान भने परिवर्तन गरिएको छैन । नाब्बे मिटर लामो र साढे १० मिटर चौडा स्टिल ट्रस पुलको सुरुको ठेक्का रकम रु २१ करोड २३ लाख १२ हजार थियो। भेरिएसनपछि लागत बढेर रु २६ करोड आठ लाख ३६ हजार पुगेको छ। अहिले उक्त पुलको भौतिक प्रगति १९ दशमलव ७० प्रतिशत र वित्तीय प्रगति १९ दशमलव ५० प्रतिशत रहेको छ ।

वागमती प्रदेश सरकार
कृषि,पशुपन्छी वन तथा वातावरण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

पशु सेवा कार्यालय

धादिङ,नेपाल

प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०८
सूचना नं. ५

पशु सेवा कार्यालय, धादिङको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलको कार्यक्रम सञ्चालनका लागि यस धादिङ जिल्ला अन्तर्गतका इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिन (२०८३/०८/२८) भित्रमा रु. दश (१०) को हुलाक टिकट टाँसी एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालय समय भित्र पशु सेवा कार्यालय, धादिङमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

तपसिल

क्र.स.	कार्यक्रमको नाम	लक्षित लाभग्राही	प्रस्तावकको न्यूनतम मापदण्ड	अधिकतम प्रोत्साहन रकम प्रति एकाई	कार्यक्रमको कुल बजेट (रु लाखमा)
१.	**पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम**	दुग्ध उत्पादक सहकारी संस्था/ निजी फार्म	-सहकारी संस्थाको हकमा सूचना प्रकाशित मितिले १ वर्ष पुरा भई दैनिक न्यूनतम १०० लिटर दुध संकलन गरेको हुनुपर्ने, -संस्थामा आबद्ध कृषक तथा निजी फार्मको हकमा दैनिक न्यूनतम ८ (आठ) लि. दुध बिक्री गरेको हुनुपर्ने। -पशुको बीमा गरेको कागजात पेश गर्नुपर्ने।	एक लाख रुपैया	२०
२.	**मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम**	लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषक (कुमाल, चेपाङ, वनकरिया, हायु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा आर्थिक रुपले विपन्न व्यक्ति)	प्रस्तावसँगै स्थानिय तहबाट आर्थिक विपन्नताको सिफारिस पेश गर्नुपर्ने।	एक लाख रुपैया	२०

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१.सम्बन्धित व्यक्तिको नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,
२.सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परिक्षण तथा आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणको प्रतिलिपि
३.सहकारी संस्थाको हकमा आ.व. २०८२/८३ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,
४.जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले ५ वर्षको करार सम्झौता पत्र,
५.स्थानिय तहको पशु सेवा/विकास शाखाको दोहोरो सुविधा नलिएको/नहुने बारे व्यहोरा खुलेको सिफारिस पत्र,
६.अनुसूची-४ बमोजिमको कार्य योजना,
७.अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र,
८.अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
९.अनुसूची-१४ बमोजिमको औषत दैनिक न्यूनतम ८ (आठ) लि. दुध उत्पादन गरेको प्रमाण (पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रमको लागि मात्र),
१०.अनुसूची-२२ बमोजिमको स्वघोषणा पत्र,
११. किसान सूचीकरण प्रणालीमा सूचिकृत भएको दर्ता नम्बर
१२. सहकारी संस्थाले प्रोत्साहन रकम माग गर्दा कृषक छनोट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,
१३.पालेको पशु बीमा गरेको कागजात,
१४.अन्य आवश्यक कागजात ।

नोट : प्रस्तावकहरुले अनुसूची २,४,५,६,१४,१५,२२ र एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३ यस कार्यालयको वेबसाईट lsodhading.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ०१०-५२०१०७ र सूचना अधिकारीको सम्पर्क नं. ९८५१३१२१०७ मा सम्पर्क गर्न सकिनेछ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com